# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## २०७२ आषाढ १९ गते

## पत्थरदेईया गाविस भवन






**<u>प्रतिवेदक</u>**

**रेडियो परिवर्तन ८९ मे.ह.**

**कपिलवस्तु**

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## शुशासन ,पारदर्शिता र जवाफदेहिता आजको आवश्यकता

मिति २०७२/०३/१९ गते

परिचय :

जिल्ला वा निश्चित स्थानभित्र भएका बिकासका निमार्णका कार्यहरु र सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा सेवा प्रदायक निकायलाई सेवाग्राही प्रति जवाफदेही बनाउन एंव सेवाग्राहीलाई पनि एक जिम्मेवार नागरिकको जिम्मेवारी प्रति जिम्मेवार हुन माध्यम दिने सामाजिक जवाफदेहिताको एक संयन्त्र हो , सार्वजनिक सुनुवाई । जसको माध्यमबाट सेवा प्रदायक र सेवाग्राही बीचको विकास कार्य वा सेवा प्रदानको अन्तर सम्बन्धलाई पारदर्शी तरिकाले बलियो बनाउन मात्र नभए र विकासको गतिलाई अगाडी लैजान समेत बल पुग्दछ । सार्वजनिक सुनुवाईले सुसाशनका मुख्य तत्वहरु पारदर्शिता र जावफदेहिता प्रवर्द्धन गर्ने जस्ता मुलभूत कुरालाई पृष्ठपोषण गर्दछ । यसै पारिवेक्षमा जिल्ला विकास समिति कपिलवस्तुले आफनो तथा मतहातका बिभिन्न कार्यालयहरुले प्रवाह गरेको सेवा तथा सम्पादित कार्यक्रमहरुको प्रभावकारिता र सेवाको विद्यमान अवस्थालाई मुल्याकंन गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको हो ।

महत्व :

सूचनाको हक सुनिश्चित गर्दै त्यस माथिको पंहुच बढाई उनीहरुको सशक्तिकरण गर्नु, सार्वजनिक संस्था तथा निकायहरुलाई बढी उत्तरदायि र जनमुखि बनाउन, भष्टाचार न्यूनिकरण गर्न, विकास कार्यमा सहभागिता बढाउन, सामुहिक निर्णयको थालनी गराउन र मानव स्रोत र सामाजिक पूंजी विकासका लागी सार्वजनिक सुनुवाईको महत्व वढी देखिन्छ ।

**कार्य :**

- १५ दिनको सार्वजनिक सूचना जारी गर्ने र कार्यक्रम संचालन हुने सम्वन्धित गाविसमा पत्राचार गर्ने ।
- कार्यक्रम संचालन एवं व्यवस्थापनको लागि नागरिक समाज/मेडिया एजेन्सीसंग छलफल गर्ने ।
- जिविसवाट कार्यक्रम संचालनको लागि आर्थिक प्रस्तावना तयार गर्ने ।
- नेपाल सरकारले जारी गरेको सार्वजनिक सुनुवाई सम्वन्धि कार्यविधि अनुसारका ढाचामा सूचना संकलन नागरिक समाज वा व्यवस्थापक पक्षवाट गर्ने ।
- सूचना एकीकृत गर्ने (Compilation)।
- पूर्व तयारी बैठकको लागि सार्वजनिक सेवा परिक्षण, निर्गम अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र तयार गर्ने ।
- पूर्व तयारी बैठक सहयोगी एवं सम्वन्धित निकायसंग ।
- सरोकारवालाहरुलाई पत्राचार गर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रम संचालन ।
- सार्वजनिक सूनुवाईको प्रतिवेदन तयार गरि सम्वन्धित निकायमा पेश गर्ने र समाचार माध्यमवाट जानकारी गराउने ।

**उद्देश्य :**

स्थानिय निकाय खास गरि जिल्ला विकास समितिबाट संचालन हुने सार्वजनिक सुनुवाईको निम्न उद्धेश्यहरु राखिएका छन् ।

क) जिल्ला विकास समितिबाट प्रवाह भएका सेवाहरुलाई गुणस्तरिय र सर्वपहुच बनाई सेवाग्राहीहरुको सन्तुष्टि बृद्धि गर्नु ।
ख) जिल्ला विकास समितिबाट प्रवाह हुने सेवाहरुबारे सरोकार नागरिकहरुलाई सचेतना अभिबृद्धि गर्नु ।
ग) जि वि सबाट प्रवाह हुने सेवाहरुमा सरोकार सेवाग्राहीहरुको सहभागितामा बृद्धि गर्नु ।
घ) जिविसका कृयाकलापहरुलाई पारदर्शी बनाउनु ।
ङ) जिविसका कृयाकलापहरुको सरोकार नागरिकहरु प्रति जवाफदेही बृद्धि गर्नु

**औचित्य :**

जिल्ला विकास समितिले जिल्ला भित्र भए गरेका विकास निर्माणको कार्य तथा सेवा प्रवाहलाई चुस्त दुरुस्त राखि जनतालाई बढी भन्दा बढी सेवाको पहुच अभिबृद्धि गर्नु आफ्नो दायित्व रहेकोले सार्वजनिक सुनुवाई कार्य थालनी गर्न लागिएको हो ।

कार्यक्रमको अध्यक्षता : श्री जगन्नाथ पन्त ( स्थानिय विकास अधिकारी )
प्रमुख अतिथी : श्री मेघनाथ पाध्या ( ईलाका प्रशासन कार्यालय चन्द्रौटा प्रमुख )
स्वागत मन्तव्य : कृष्ण कुमार चौधरी (पत्थरदेईया गाविस सचिव )
कार्यक्रमको प्रतिवेदन प्रस्तुती तथा संचालक : चिन्ता परियार (सदस्य : नेपाल पत्रकार महासघ कपिलवस्तु)
टिपोट : मनिस कार्कि , राजेश चौधरी
कार्यक्रम संचालन प्रकृया : स्थानीय जनता, संचारकर्मी तथा जवाफदेही
कार्यक्रम आयोजना स्थल : पत्थरदेईया गाविसको कार्यालय , जगदिशपुर कपिलवस्तु
कार्यक्रम आयोजना गरिएका मिति र समय : अषाढ १९ गते शनिबार १ बजे दिउसो ।
सहभागी संख्या : १ सय ३७ जना

**कार्यक्रम को नाम :** जिल्ला विकास समितिको सार्वजनिक सुनुवाई कार्यक्रम ।

**कार्यक्रम संचालन/व्यवस्थापन गर्ने संस्था :** रेडियो परिवर्तन ८९ मेगाहर्ज कपिलवस्तु

**सहयोगी निकाय :** जिविसको कार्यालय

**कार्यक्रम संचालन स्थल :** पत्थरदेईया गाविसको कार्यालय जगदिशपुर कपिलवस्तु

**कार्य संचालन विधि :**

- सार्वजनिक सुनुवाई सम्वन्धि कार्यविधि TOOLS को प्रयोग गर्ने ।

## सहभागीबाट सोधिएका प्रश्नमाथीको जवाफ

| क्र.स. | प्रश्नकर्ताको नाम | प्रश्न | जवाफदेहिको नाम | प्रश्नको जवाफ |
|---|---|---|---|---|
| १ | गोकर्ण सापकोटा | हाम्रो गाविस अन्तर्गतको सुरईखोलाबाट नदिजन्य पदार्थको ठेक्का जिविसले लगाउदै आएको छ अन्य सबैमा जिविसले गासिलाई पनि आर्थिक रकम ४२ प्रतिशत दिन्छ । पत्थरदेईयाको ठेक्कामा किन गाविसले पाउन सकेको छैन । त्यस रकम गाविसले पाउनु पर्यो । | स्थानिय विकास अधिकारी जगन्नाथ पन्त | तपाईको जिज्ञासा सहि छ हो जिविसले जहाँबाट नदि जन्य पदार्थको ठेक्का लगाउछ त्यो गविसिलाई पनि केहि प्रतिशत रकम दिने गरेको छ । अब यो गाविसको हकमा सायद गाविसले पनि चासो नराखेकाले होला आगमी वर्ष देखि यो गाविसले पनि ठेक्काबाट नियमानुसारको रकम पाउने छ । |
| २ | बुद्धिराम अर्याल | रुद्धपुर चोकदेखि जगदिशपुर हदै खडैचा जोडने बाटोमा भाडाका सवारी साधन संचालन नहुदाँ यस भेगका जनताले सास्ती भोग्नु परेको छ । सवारी साधन संचालनका सबै प्रकृयाहरु पुरा भई सकेका छ बाटोमा खाल्डाखुल्डी हुदा संचालनमा आउन सकेका छैन जिविसले केहि आर्थिक रकम खर्च गरी बाटो मर्मत गरी दिए सडकमा सवारी साधन चल्ने थिए । यस भेगका हजारौ जनतालाइ राहत हुने थियो । | स्थानिय विकास अधिकारी जगन्नाथ पन्त | म पनि भर्खर त्यहि बाटो हुदै आए बाटो त्यति खराब छैन । कहि कतै केहि खाल्डा खुल्डीको कुरो हो । अब यो वर्ष त केहि गर्न सकिदैन तर अर्को वर्ष अवश्य पनि यो बाटोमा जिवीसले ध्यान दिने छ । पक्के पनी कुनै सवारी साधन नचल्दा यहा हुने उत्पादनले बजार पनि पाउन सकेको छैन अवस्य पनि यो समस्या हल हुने छ यस प्रति म गंभीर छु । |
| | | | | प्रश्नको लागी धन्यवाद यदि कार्यालयमा कुनै कर्मचारीले त्यस प्रकार काम गरेको छ भनि म लाई सप्रमाण उजुरी दिनुस म छानविन गरी कारवाहि गर्छु |

| | | | | |
|---|---|---|---|---|
| ३ | राम प्यारे यादव | ईलाका प्रशासन कार्यालयमा नागरिकता बनाउन जादाँ सर्वसाधरण संग खुलेयाम पैसा लिईन्छ भने पैसा नदिने लाई सर्जमिन तोकेर उसलाई दुख दिने काम भएको छ । यो तुरुन्त रोकेर नागरिकको नागरिकताको हक लाई सुनिश्चित गर्नु पयो । भ्रष्ट कर्मचारीलाई पनि कावहाहि हुनु पर्यो । | ईलाका प्रसाशन कार्यालय प्रमुख मेघनाथ पाध्या | । बाकि रहयो कुरा नागरिकता बनाउदा सर्जमिन तोकेर दुख दिने काम गरेको गुनोसो यदि प्रमाण छ भने तपाईले कुनै दुख भोग्नु पर्दैन । तपाईहरु लाई नागरिकताको अधिकार राज्यले ग्यारेंटि गरको छ । यदि तपाइलाइ कसैले प्रमाण पुग्दा पुग्दै दुख दियो भने म काहा आउनुस म कार्यालयमै हुन्छु । तपाईले प्रमाण पुराएको खण्डमा १ दिनमै नागरिकता पाउन सक्नु हुन्छ । |
| ४ | बालजी प्रसाद चौधरी | जिल्ला शिक्षा कार्यालयमा भष्टचार बढदो छ । विद्यालय अनुमतिमा पैसाको छेलोखेलो छ । खाजा कार्यक्रममा अनियमितता छ । अझ यो जिल्लामा एस एल सी मा खासै पास हुन सकेन्न । शिक्षकहरु राजनितिमा ब्यस्त हुदा विद्यार्थीहरु कमजोर भए पढाई हुनैन । अनुगमनको पाटो कमजोर भयो । | जिल्ला शिक्षा अधिकारी हरि गौतम | बालजी चौधरी जि हेर्नुस यदि हाम्रो कार्यालयमा तपाईले भने बमोजिम छ भने कुन कर्मचारीले तयस्तो गरेको छ म लाई सप्रमाण उजुरी गर्नुस म कारवाहि गर्न तयार छु । घुस लिने दिने दुबै राष्टका सत्रु हुन । तपाईहरु पनि आफनो बानि सुधारन जरुरी छ । हजुरको कुरामा म सहमत छु शिक्षकहरु राजनितिमा ब्यस्त छन तर तिनिहरुलाई तपाईहरु नै संरक्षण गर्नु भएको छ । हरेक ब्यवस्थापन समितिमा शिक्षकलाई राजनितिकदलको सदस्यता लिन न दिनुस राजनितिक कार्यक्रमा सहभागी हुन रोक्नुस तब मात्र शिक्षक राजानिति गर्न छोड्छ । यस वर्ष एस एल सीमा राम्रो सफल्ता पाउन सकिएन तर आगमी वर्षहरुमा अब विद्यालय अनुगमन लाई प्रभावकारी बनाई र असफल विद्यालयलाई सुझाव सल्लाह र योजना दिएर अवस्य पनि नतिजामा सुधार ल्याउने छौ । रहयो कुरा खाजा कार्यक्रमको यो वर्ष लाखौ रुपैया मैले खाजा कार्यक्रम बाट बचाएको छु र विद्यालयलाइ वितरण पनि गरेको छु । मैले यो रकम खाजा कार्यक्रम पाएका विद्यालयले गरेको भष्टचार थाहा पाएर पैसा नै रोक दिएको हु । खाजा कार्यक्रमा जिशिका दोषि छैन सम्पुर्ण रकम विद्यालयको खातामा पठाईन्छ । यसमा कार्यालयको कहि कतै केहि पनि संलग्नता हुन सक्दैन । |
| | केशवराज कंडेल | कृर्षि कार्यालय र पशुसेवा कार्यालय काहाँ छ ? खै सर्वसाधारणले सुविधा पाएको ? कर्मचारीहरु फिल्डमा आउदैनन किन ? | पशु सेवा कार्यालय राजकिशोर यादव | केशव जि कृर्षी र पशु सेवा कार्यालय दुबै तौलिहवामा छन म कृर्षिको भन्दा आफनै कार्यालयको बारेमा जानकारी दिन चाहन्छु । हामी चन्द्रौटा र बहादुरगंज सेवा केन्द्रबाट पनि सेवा दिई रहेका छौ । यो गाविसमा दुध उत्पादन बढि छ भन्ने तपाईहरुले भन्नु भयो । त्यसका लागी पशु सेवा कार्यालयमा ब्यक्तिगत वा समुह दर्ता गराई अघि बढनुस हामी बाट हुने सहयोग पाउनु हुन्छ । |
| ६ | गोपाल चन्द कोईराला | यो क्षेत्रमा खेति गर्न कठिन भयो ? सिंचाई को सुविधा दिनु पर्यो हुजर ? किसान हरु ठुलो मर्कामा छन? | स्थानिय विकास अधिकारी जगन्नाथ पन्त | यो क्षेत्र वास्तवमा सुख्खा क्षेत्र हो । यो शिर्षकमा हामी संग त्यति ठुला आयोजना छैनन तर केहि स साना आयोजना अवश्य छन हामीले डिप बोरिंग दिन सकछौ यदि समयमै तपाई हरु कार्यालयमा आएर समपर्क गर्नु भयो भने अवस्य पनि सहयोग पाउनु हुनेछ । राप्ती फर्काछु भनेर राजनितिक दल जसरी बोल्न सक्दिन त्यो सभंव छैन । तर जिविस बाट उपलब्ध हुने योजना मा तपाईहरु लाइ सहयोग गर्न सक्छु र जिल्ला सीचाईमा समस्या पठाएर केहि सहयोगका लागी अनुरोध गर्न सक्छु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | विश्म्बर प्रसाद चौधरी | यो पश्चिम क्षेत्रमा केहि ठाउमा नदि कटान बढ्दो छ । बस्तीहरुमा नदि पस्ने डर छ नियन्त्रणका लागी जिविसले ध्यान दिनु पर्यो । | स्थानिय विकास अधिकारी जगन्नाथ पन्त | यो क्षेत्रमा नदि कटान छ भने यस्मा केहि गर्न सकिन्छ जस्तो कि ठक्कर हरु निर्माण गर्न सकिन्छ । ईलाकाबाट योजना पठाउनुस अर्को वर्ष अवस्य पनि यो योजनामा केही गरीन्छ । गाविस मार्फत आउनुस हामी अवश्य केहि गर्छौ । | | |
| ८ | मो. मुरतजा | कृर्षि सडक मर्मत तथा निर्माण राम्रो भएन ठेकेदारले ठगेको छ । जिविसले अनुगमन गरी राम्रो काम गर्न दबाब दिन पर्यो । | स्थानिय विकास अधिकारी जगन्नाथ पन्त | कृर्षि सडकको कुरा उठ्यो यदि वास्तवमै ठेकेदारले गलत गरेको छ भने सहि उजुरी गर्नुस हामी ठेकेदारलाई सजग गराउछौं । कतिपय ठाउमा ब्यक्तिगत दुश्मनि का कारण पनि गलत उजुरी पनि दिएका छन कतिपयले पताईहरु त्यसतो नगर्नुस गुनासो आए पछि हामी अवश्य त्यो सडक अनुगमन गर्छौ । | | |
| ९ | हरिराम खटिक | पत्थरदेईया गणेशपुर गाविसलाई जोडने अमलवा गाउको पश्चिम नदीमा पुल निर्माण गर्नु पर्यो । विद्यार्थीलाई विद्यालय आवतजावत गर्न कठिन छ । | स्थानिय विकास अधिकारी जगन्नाथ पन्त | त्यसतो समस्या छ भने अब यो अषाढमा केहि गर्न सकिदैन । यो समस्या विद्यार्थीका लागी मात्र होईन सबैका लागी हो । त्यसैले गाविस परिषदबाट पारित गर्नुस जिल्ला योजनामा सिफारिस गर्नुस हामी यो पुल निर्माणमा सहयोग गर्छौ । | | |
| १० | मनोहर थारु | गरीबी निवारण कोषको रकम दुरुपयोग भयो अनुगमन गर्नु पर्यो कुन संस्थाले कसरी काम गरेको छ ?ं तिनी संस्थाको अनुगमन गरौ । | स्थानिय विकास अधिकारी जगन्नाथ पन्त | मैले आज सम्म गाविसले नेपाल सरकार र आफनो कार्यक्रमको मात्र परिषद गरेको देखेको छु । अब संघ संस्थाका कार्यक्रम पनि परिषद बाट पारित गर्ने र संचालन गर्ने परिपाटि बसालौ तब मात्र संस्थाका काम सहि तवरले हुन्छ । यो जिविस मार्फत संचालन नुहने हुदाँ यस्मा केहि गर्न सकिदैन । | | |
| ११ | सिमा देवी विक | महिला स्वयम सेवीकालाई गाउँघरमा जादा तलव खान्छन यीनीहरुले भनि नराम्रो बचन लगाउछन । एक पटक जुकाको औषधि खुवाउदा हामीलाई विग्रेको दबाई खुवाएर बालबालिकाले उल्टी गरे भनेर नियन्त्रणमा लिईयो कसैको सहयोग पाइएन सबैले तलव पाउछन भनेर खाली नराम्रो संग भन्छन हामीलाई राज्यले जिल्ला स्वास्थ्य र गाविसले उपस्वास्थ्य चौकिले भनि दिनु पर्यो हाम्रो तलव कति हो ? | जिल्ला स्वास्थ्य कार्यालय प्रतिनिधी विष्णु पौडेल | हेर्नुस यो त राम्रो भएन स्वयमसेवीका भनेको निशुल्क कम गने हो । अब स्थानियले नै यसरी असहयोग गर्नु भएन । स्थानिय राजनितिक दल लगायत सबैले स्वयमसेवीका लाई सहयोग गरौ । उनिहरुले पाउने तलव होईन कार्यक्रमको दिन रु २ सय पाउने हो । | | |

## जिज्ञासाको सम्वोधन

१. **जगन्नाथ पन्त** (स्थानिय विकास अधिकारी)

सर्व प्रथम तपाई सम्पुर्णलाई धन्यवाद । सार्वजनिक सुनुवाई कार्यक्रममा शान्त पुर्वक बस्नुभएको मा । तपाई हाम्रा थुपै समस्या छन । हामियहाँ आयौ यहाँको अवस्था देख्यो तपाईहरु ढुक्क हुनुहोस केही न केही परिवर्तन हुन्छ । यहाँको सार्वजनिक सुनुवाईमा तपाईहरुको महत्वपुर्ण प्रश्न र जिज्ञासा हरु आएका छन । म सबै प्रश्न गर्नु हुने महानुभवाहरुलाई धन्यवाद दिन चाहन्छु । यो वर्ष ४ सय ४१ योजना मध्ये ३९ वटा ठेकेदारबाट भएका छन भने ४०२ वटा उपभोक्ता समिति मार्फत योजना हरु संचालन भएका छन । यस वर्ष जिल्लाको बजेट फ्रिज हुने अवस्था र जिल्ला असफल हुने अवस्था छैन । १४ वटा कृर्षि सडक मध्ये ७ वटा समपन्न भएको र ७ वटा बाँकी रहेको छ । उपभोक्ता समिति मार्फत भए गरेका योजनाहरु सहि रुपमा समपन्न भएका छन भने राजनितिक हस्तक्षेप भएका उपभोक्ता समितिमा काम पनि

सहि तरिकाले नभएको र बाकि पनि रहेको छ । तपाईहरु ढुक्क हुनुहोस काम नभएका योजनाको भुक्तानी कुनै पनि हालतमा हुदैन । काम समपन्न नभएका योजनाको फछ्यौट पनि हुदैन । तपाइको गाविसमा बाटोघाटो पुलपुलेसाको समस्या देखियो अब अहिले आर्थिक वर्षको अन्तिम महिना अषाढमा केहि पनि गर्न सक्ने अवस्था छैन । तर तपाईहरु समयमा आएर यी समस्याहरु राखेमा अवश्य पनि तपाईहरुलाई धेरै थोरै रकम व्यवस्था गर्नेछु । कृर्षि सडकमा काम राम्रो संग नभएको भन्ने तपाइहरुको गुनासो छ म अबस्य पनि त्यो सडकको पुनः अनुगमन गर्ने छु ।
गाविसमा संचालित गरिबी निवारण कोषको रकम सहि सदुपयोग नभएको गुनासो आएकाले अबको गाविस परिषद गर्दा संघ संस्थाबाट वर्ष भरी संचालन हुने योजना तथा कार्यक्रमलाई पनि परिषदबाट पास गरी संचालन गर्ने परिपाटि अवलम्बन गर्ने कार्यमा सबैले सहयोग गर्नु हुन अनुरोध गर्दछु । नदि कटान समस्याका लागी र गाउमा भएका स सना घोला तथा नालीमा आश्यक ह्युम पाईपमा अवश्य पनि जिल्ला विकासले सहयोग गर्ने प्रतिबद्धता जनाउछु । यो पश्चिमी क्षेत्र सुख्खा क्षेत्र भएकोले सिचांईको सुविधा नरहेको कुरा आएको छ यस्मा पनि जिल्ला विकासले संचालन गर्ने स सना योजना अर्न्तगत डिप बोरिंग सयहयोग गर्ने र खानेपानीका लागी हेण्ड पाईप उपलब्ध गराउने जानकारी गराउन चाहन्छु । गाउँ परिषदबाट बजेट पास गर्दा पहिलो आवश्यकतालाई ध्यान दिनु पर्छ सचिसवले गलत गरेमा उजुरी गर्नुहोस कारवाही हुन्छ । सामाजिक परिचालक गाउँका चालक हुनु पर्छ गाउँमा सरसफाई लगायतका कुराहरु सिकाउनु पर्छ सामाजिक परिचालकले प्रश्न गर्ने होईन । सके सम्म आफै चर्पी बनाउनु पर्छ । गाविसलाई जति सक्यो खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने तर्फ लाग्नु पर्छ ।

२. **मेघनाथ पाध्या** (ईलाका प्रशासन कार्यालय प्रमुख )

बिभिन्न विषयमा प्रश्न उठे वास्तवमै सार्वजनि सुनुवाई अत्यान्तै राम्रो भएको छ । नागरिकता समस्या राष्ट्रको ठूलो समस्या हो २०६४ साल पहिले जस्ले जन्मको आधारमानागरिकता प्राप्त गरे उनिहरुका सन्तानले नागरिकता प्राप्त गर्न समस्या छ । गएको संविधान सभा निर्वाचन पहिले राजपत्रमा उनिहरुका सन्तानले नागरिकता पाउने व्यवस्था रहेता पनि त्यो राजपत्र लागु भएको मितिबाट ६ महिना भित्रमा संसदबाट बिधेयक बनेर नआउदा पुनः समस्या भएको छ । जस्को बुवा, आमाको वंसजको नागरिकता छ उसकालागी सर्जमिन चाईदैन । यहाँ कार्यालयमा नागरिकता बनाउदा पैसा तिर्नु पर्छ भन्ने कुरा आयो यदि त्यसतो छ भने अब देखी तपाई हरु याद राख्नुस घुस लिने र दिने दुबै यो राष्टका शत्रु हुन त्यसैले यो लिने दिने काम तपाई हामी पनि बन्द गरौ । कसैलाई पनि पैसा दिएर काम बनाउछु भन्ने सोचको विकास हुन नदिऔ । तपाईहरुले नागरिकता बनाउदा विनाकारण सर्जमिन तोकेर हैरान पारछन भन्ने गुनासो गर्नु भयो यदि प्रकृया पुगेको छ र कागजात सम्पुर्ण सहि भए कसैले पनि समस्या भोग्नु पर्दैन । तपाईहरुलाई कसैले केहि पाउने आशमा त्यस प्रकारको व्यवहार गर्छ भने त्यो कानुनको भागीदार हुनेछ ।

**३. हरि प्रसाद गौतम** (जिल्ला शिक्षा अधिकारी)

बिद्यालयको व्यवस्थापनमा स्थानीय आफै लाग्नुहोस बि.नि.ले अनुगमन मात्र गरेर हुदैन, बिद्यार्थीहरुलाई बिद्यालय पठाउनु होस । शिक्षकले नपढाएमा बिद्यालय नआएमा हामिलाई फोन गर्नुहोस छात्रवृत्तिको रकम वितरण भए नभएको कुरा जानकारी गराउनुहोस । जिल्ला शिक्षा कार्यालयमा सबै भन्दा बढि भष्टचार हुने भन्ने कुरा आयो ठिक छ यदि त्यसतो कहि कतै भएको भए स प्रमाण उजुरी दिनुहोस अवश्य पनि कारवाहि हुन्छ । निजी विद्यालय दर्ता पक्रृयामा पैसाको लेनदेन भन्ने कुरा छ प्रमाण भए म कारवाहि गर्न तयार छु । तपाई हरुले पनि आफनो स्तरबाट अनुगमन गर्नु पर्यो र समयमै खबर गर्नु पर्यो । शिक्षकहरुले सक्रिय राजनिति गर्नु भएन । विद्यालयमा सफल्ता प्रतिशत बढाउनुपर्यो । खाजा कार्यक्रममा आर्थिक रकम हिनामिना भएको गुनासो आएको छ । विद्यालयले गरेको भए हामि कारवहि गर्छौ । शिक्षा कार्यालयले भने यसम ।गर्न मिल्दैन किनकि खाजा वापतको सम्पुर्ण पैसा हामिले विद्यालयको खातामा पठाउने गर्छौ ।

**४. राज किशोर यादव** ( पशु सेवा कार्यालय प्रमुख)

पशु सेवा कार्यालयको नाम थाहा नपाएको र काहा छ भन्ने कुरा थाहा नपाएको भन्ने गुनासो आयो यो तौलिहवामा कार्यालय छ । हामी चन्द्रौटा र बहादुरगंज सेवा केन्द्रबाट पनि सेवा दिई रहेका छौ । यो गाविसमा दुध उत्पादन बढि छ भन्ने तपाईहरुले भन्नु भयो । त्यसका लागी पशु सेवा कार्यालयमा ब्यक्तिगत वा समुह दर्ता गराई अघि बढनुस हामी बाट हुने सहयोग पाउनु हुन्छ । यो क्षेत्र सुख्खा क्षेत्र भएकाले घास उत्पाद पनि हुन्छ जस्ले पशु पालनमा टेवा पुयाउछ । र दगाई, भैसी र बाखाको बिज पाईन्छ सके कार्यालयमा ल्याउनुहोस नसके फोन गर्नुहोस हाम्रो कर्मचारी आएर बिज दिन्छन । एउटा बिजको २५ रुपैया पर्छ । तपाई घर सम्म आएको यातायात तपाईहरुले दिनु पर्छ । बहादुरगंजको सेवा केन्द्रको काम सुरु हुदैछ, सामुदायिक पशु प्रजनन केन्द्रलाई सकृय बनाउनु होस । कोही प्राविधिक भएमा कार्यालयमा पठाउनु होस

हामी तालिम दिन्छौ उनिहरुले गाउँमा आएर काम गर्छन । बर्षको ३ लाख रुपैयाले १६ वटा पशु सेवा केन्द्रमा औषधी पुरयाउनु पर्छ त्यसैले औषधीको समस्या छ ।

**सार्वजनिक सुनुवाईका निर्णयहरु**

१. जिल्ला विकास समिति, विषयगत कार्यालयहरु र गैर सरकारी संस्थाहरुवाट भैरहेको सेवा प्रवाह र सेवालिने सेवाग्राहीले सेवाको वारेमा दिएको अभिव्यक्तिहरु नागरिक प्रतिवेदन मार्फत सार्वजनिक गरीयो ।
२. कृर्षि सडक मर्मतमा भईरहेको लापरवाहि अनुगमन गर्ने र सुधारका लागी आवश्यक पहल गर्ने । साथै अन्य कृर्षि सडक पनि मर्मतका लागी आवश्यक पहल गर्ने । र जिल्ला विकासले अनुगमनलाई अझ प्रभावकारी गराउनुपर्ने ।
३. ईलाका प्रशासन कार्यालयबाट वितरण हुने नागरिकताका बनानउ आउने सर्वसाधरणलाई सहज रुपमा नागरिकता बनाउने वातावरण निर्माण गर्ने ।
४. नदि  कटान हुने स्थान हरुमा आवश्यकता अनुसार बजेट ब्यवस्था गरी नदि कटान रोक्ने ।
५. सिचांई सुविधाका लागी समबन्धित निकायमा समवन्य गरी पश्चिमी क्षेत्रमा हुन सक्ने यथासक्य सहयोग गर्ने । र डिप बोरिंगका लागी जिल्ला सिचांई कार्यालयलाई जानकारी गराउने ।

निष्कर्ष :

सेवा प्रदायक संस्थाले दिने सेवा सुविधाका विषयमा सर्वसाधरणको मनोभाव बुझ्ने तथा शुशाषन पारदर्शिता र जवाफदेहिताको विकास संस्कार विकास गर्ने सार्वजनिक सुनुवाई एउटा आफैमा महत्व बोकेको कार्यक्रम हो । कपिलवस्तु जिल्लाको पत्थरदेईया गाविसमा सम्पन्न सार्वजनिक सुनुवाईले जिल्लाका जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला कृर्षि विकास कार्यालय, सडक डिभिजन, सिचाई डिभिजन लगायतका बिभिन्न सेवाप्रदायक निकायलाई आफ्नो काम र कर्तव्य प्रति जिम्मेवार बनाउन मात्र नभई आम नागरिकले सामाजिक जवाफदेहिता अभिवृद्धि गर्नकालागि के भूमिका निर्वाह गर्नु पदर्छ नागरिकका कर्तव्य के हुन भन्ने बिषयमा आम नागरिकलाई पनि जिम्मेवार बोध गराउन सफल भएको छ । सार्वजनिक सुनुवाईले जिल्लाको पश्चिमी क्षेत्रका समस्या पहिचान गर्नुका साथै विकासमा के के विकास आश्यक छ भन्ने कुराको प्राथमिकता गर्न सक्ने थुपै आधार संग पनि परिचित गराएको छ । कृर्षि सडक निर्माण तथा मर्मतमा भईरहेको लापरवाहिलाई सुर्धानका निमित्त अनुगमन गर्नु पर्ने लगायत विविध समस्यालाई यो सार्वजनिक सुनुवाई कार्यक्रमले टेवा पुयाएको छ ।

# नागरिक प्रतिवेदन पत्र

## सारांश प्रतिवेदन

## जिल्ला विकास समिति, कपिलवस्तु

अध्ययनरत सेवाग्राही संख्या ५०   सेवाग्राहीको लिगंः   महिला १८,   पुरुष ३२

,,   शिक्षा :   निरक्षर, साक्षर, आई.ए.एम एड सम्म   जात : ब्राम्हृण, मुश्लिम, दलित,जनजाति क्षेत्री,

,,   उमेर : २१ देखि ७२ वर्ष सम्मका

**सेवा प्रदायक संस्थाबाट सेवा प्राप्त गरेका मिति** : २०७२ साल जेष्ठ महिना सम्मको

**सेवा प्रदायक संस्था बाट लिएको सेवाको प्रकार** : नागरिकता सिफारिस,दर्ता शौचालय निर्माण, खानेपानी, कल्भर्ट, मन्दिर, बाटोघाटो, भवन,, जानकारी लिने

| क्र.सं. | सेवा/विषयवस्तु | अति स्पष्ट /राम्रो | स्पष्ट | ठिकै | अस्पष्ट | अतिअस्पष्ट /नराम्रो |
|---|---|---|---|---|---|---|
| १ | तपाइले प्रस्तुत गर्नु भएको समस्यालाई समाधान गर्न सेवा प्रदायक कति हदसम्म तत्परता भएको पाउनु भयो ? | १४ | १० | १६ | १० | |
| २ | तपाईले प्राप्त गर्नु भएको सेवामा तेश्रो व्यक्ति(सेवा प्रदायक र आफु)को सहयोग कति थियो ? | २५ | ५ | १५ | ५ | |
| ३ | सेवा प्राप्त गनृको लागी आवश्यक कागजात शुल्क, समय सम्वन्धि तपाईलाई कति जानकारी थियो ? | ३० | ७ | ३ | १० | |
| ४ | सेवा प्रदायकको व्यवहार कस्तो थियो ? | ४० | ७ | | २ | १ |
| ५ | एकै प्रकारको सेवामा तपाईले प्राप्त गर्नुभएको र अन्य सेवा प्रापकले प्राप्त गरेको सेवाका कति अन्तर पाउनु भएको छ ? | ३० | ७ | ६ | १० | |
| ६ | सेवा प्रदान गर्नको निम्ति अपनाईएका प्रकृया बारे तपाई लाई कति जानकारी छ ? | २० | १० | ५ | १० | ५ |
| ७ | तपाईले अपेक्षा गरे अनुसारको सेवा कति हद सम्म संलग्न भएको पाउनु भएको छ ? | २५ | ५ | १५ | ५ | |
| ८ | सेवा को संरचना र प्रकृति निर्माण र विकासमा तपाईको सहभागीता र सुझाब कति रहन गयो ? | ३० | ७ | ६ | १० | |

| क्र.सं. | विषयवस्तु | नतिजा | |
|---|---|---|---|
| क | सेवा प्राप्त गर्न सेवा शुल्क बाहेक के अन्य रकम तिर्नु भएको थियो ? | | नतिर्ने ५० जना |
| ख | तपाईले प्राप्त गर्नु भएको सेवा सो निकाय बाहेक अन्य कुन निकायले गर्दा अझ सरल र समयमै प्राप्त गर्न सकिन्छ होला ? | गैसस २५ जना, | थाहा छैन २५ जना |
| ग | कुन प्रकृया वा कागजात कम गरेमा सेवा प्राप्त गर्न सजिलो हुन्थ्यो ? | नागरीकताको फोटोकपी १० | थाहा छैन ४० जना |
| घ | कार्यालयले प्रतिबद्ध गरेको समय अनुसारनै के तपाईले सेवा प्राप्त गर्नु भयो ? | गरीयो ३० जना | थाहा छैन २० जना |
| ङ | कार्यालयले प्रतिवद्ध गरेको अनुसारकै सेवा प्राप्त गनु भयो ? | वडापत्र थाहा पाउने १५ जना | वडापत्र थाहा नपाउने ३५ जना |

## १. जातिगत आधारमा सेवाग्राहीको अवस्था

| क.स.. | सेवा को प्रकृति | जातिगत अवस्था | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ब्राम्हण/क्षेत्री | | दलित | | जनजाति | |
| | | सन्तुष्ट | असन्तुष्ट | सन्तुष्ट | असन्तुष्ट | सन्तुष्ट | असन्तुष्ट |
| | | % | % | % | % | % | % |
| १ | सेवा प्रदायको तत्परता | ४३ | ५७ | ६७ | ३३ | ५० | ५० |
| २ | सहयोगको अवस्था | ६५ | ३५ | ९० | १० | ५० | ५० |
| ३ | आधारभुत कुराहरुको जानकारी | ४३ | ५७ | ५६ | ४४ | ७० | ३० |
| ४ | सेवाप्रदायक को व्यवहार | ५७ | ४३ | ६७ | ३३ | ७५ | २५ |
| ५ | व्यवहाारमा अन्तर | ३४ | ६६ | ६७ | ३३ | ७८ | २२ |
| ६ | प्रकृयावारे जानकारी | ५७ | ४३ | ७८ | २२ | ४५ | ५५ |
| ७ | सेवामा सन्तेष्टि | ५५ | ४५ | ५६ | ४४ | ७५ | २५ |
| ८ | सेवाग्राही सहभागिता र सुझाव | ६५ | ३५ | ४४ | ५६ | ४५ | ५५ |

## २. लैगिक  तथा शिक्षाका आधारमा अनुसार सेवाग्राहीको अवस्था

| क.स.. | सेवा को प्रकृति | लिग | | | | शिक्षा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | | पुरुष | | साक्षर | | निरक्षर | | कैफियत |
| | | सन्तुष्ट | असन्तुष्ट | सन्तुष्ट | असन्तुष्ट | सन्तुष्ट | असन्तुष्ट | सन्तुष्ट | असन्तुष्ट | |
| | | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| १ | सेवा प्रदायको तत्परता | ४३ | ५७ | ५५ | ४५ | ४३ | ५७ | ६७ | ३३ | |
| २ | सहयोगको अवस्था | ४३ | ५७ | ६७ | ३३ | ६५ | ३५ | ९० | १० | |
| ३ | आधारभुत कुराहरुको जानकारी | ६५ | ३५ | ९० | १० | ४३ | ५७ | ५६ | ४४ | |
| ४ | सेवाप्रदायक को व्यवहार | ४३ | ५७ | ५६ | ४४ | ५७ | ४३ | ६७ | ३३ | |
| ५ | व्यवहाारमा अन्तर | ५७ | ४३ | ६७ | ३३ | ३४ | ६६ | ६७ | ३३ | |
| ६ | प्रकृयावारे जानकारी | ३४ | ६६ | ६७ | ३३ | ५७ | ४३ | ७८ | २२ | |
| ७ | सेवामा सन्तुष्टि | ५७ | ४३ | ७८ | २२ | ५५ | ४५ | ५६ | ४४ | |
| ८ | सेवाग्राही सहभागिता र सुझाव | ५५ | ४५ | ५६ | ४४ | ६५ | ३५ | ४४ | ५६ | |

## ३. उमेर अनुसारको सेवाग्राहीको अवस्था

| क.स.. | सेवा को प्रकृति | उमेर | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २१ देखि ३० | | ३० देखि ४९ | | ४९ भन्दा माथि | | कैफियत |
| | | सन्तुष्ट | असन्तुष्ट | सन्तुष्ट | असन्तुष्ट | सन्तुष्ट | असन्तुष्ट | |
| | | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| १ | सेवा प्रदायको तत्परता | ४३ | ५७ | ६७ | ३३ | ४३ | ५७ | |
| २ | सहयोगको अवस्था | ६५ | ३५ | ९० | १० | ६५ | ३५ | |
| ३ | आधारभुत कुराहरुको जानकारी | ४३ | ५७ | ५६ | ४४ | ४३ | ५७ | |
| ४ | सेवाप्रदायक को व्यवहार | ५७ | ४३ | ६७ | ३३ | ५७ | ४३ | |
| ५ | व्यवहारमा अन्तर | ३४ | ६६ | ६७ | ३३ | ३४ | ६६ | |
| ६ | प्रकृयावारे जानकारी | ५७ | ४३ | ७८ | २२ | ५७ | ४३ | |
| ७ | सेवामा सन्तुष्टि | ५५ | ४५ | ५६ | ४४ | ५५ | ४५ | |
| ८ | सेवाग्राही सहभागिता र सुझाव | ६५ | ३५ | ४४ | ५६ | ६५ | ३५ | |

**नतिजाको आधारमा गरीएका सुझावहरुः**

**क) नीतिगत सुझावहरुः**

- कार्य प्रणाली सरल र सुलभ हुनु पर्ने
- लक्षित वर्गको लागि विशेष कार्यक्रम तर्जुमा हुनु पर्ने
- उपभोक्ता समूहहरु समावेशी प्रतिनिधित्व हुनु पर्ने
- ग्रामिण तहमा सूचना केन्द्रको व्यवस्था गर्नु पर्ने
- संचालित कार्यक्रम तथा योजनाहरुको अध्यावधिक अनुगमन तथा निरिक्षण गर्नु पर्ने

**ख) कार्यरत सुझावहरुः**

- बनेका नितिहरु कार्यन्वयन हुनु पर्ने
- उपभोक्ता समूह मार्फत योजनाहरु संचालन गरीनु पर्ने
- नागरीक वडापत्रको व्यापक प्रचार प्रसार र अनुगमन गर्नु पर्ने
- कार्यालयका कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा कर्मचारीको संख्या बुद्धि गर्नु पर्ने
- कार्यालयमा सूचना डेस्क र ग्राहक सेवा डेस्कको स्थापना गर्नु पर्ने
- सम्वन्धित उपभोक्ता तथा लाभग्राही वर्गलाई योजना शुरु हुनु पूर्व योजना बारे सुसूचित गराउनु पर्ने